फोन: ०७१-५४०१४१, ५४०१४२
फ्याक्स: ०७१-५४०१४२
ईमेल : app.attorney.butwal@gmail.com

# उच्च सरकारी वकील कार्यालय
## बुटवल, रुपन्देही

प.सं. :- ०७७/०७८
च.नं. : १४८४

मितिः २०७७।०९।०५

विषय :- परिपत्र ।

**श्री जिल्ला सरकारी वकील कार्यालय,**
**रुपन्देही, नवलपरासी (व.सु.प.), कपिलवस्तु, पाल्पा, गुल्मी, अर्घाखाँची ।**

महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पञ्चवर्षिय रणनितिक योजनाले प्रक्षेपण गरेको कार्यक्रमहरुको कार्यान्वयनको साथै आ.व. ०७७।०७८ लाई अभियोजन सुधार वर्षको रुपमा घोषणा भएको सन्दर्भमा उक्त अभियानलाई मूर्तरुप दिने र मातहत कार्यालयबाट भएगरेका काम कार्वाहीहरुलाई अझ परिष्कृत बनाउन सहजिकरण गर्ने उद्देश्यले उच्च सरकारी वकील कार्यालय तहको समन्वय समितिको बैठकबाट देहाय बमोजिम गर्ने गराउने निर्णय भएकोले यो परिपत्र गरिएको छ ।

१. सरकारवादी मुद्दाको अनुसन्धान र अभियोजनलाई प्रभावकारी बनाउन अनुसन्धानकर्ता, अभियोजनकर्ता लगायत सम्पूर्ण सरोकारवाला निकायहरुसंग यथेष्ट समन्वय गर्नुहुन ।
२. भरखरै जारी भएको यौन हिंसा विरुद्धका केही ऐनलाई संसोधन गर्न बनेको अध्यादेशले अन्य कुराका अतिरिक्त जबरजस्ती करणी मुद्दामा मिलापत्र गराउने कार्यलाई फौजदारी कसूरको रुपमा मानि कैद र जरिवानाको व्यवस्था गरेकोमा सो तर्फ अनुसन्धान अधिकारी र अभियोजनकर्ताहरु समेतले विशेष ध्यान पुर्याइ सम्भव भएसम्म जबरजस्ती करणीका पीडितलाई अभियोग पत्र पेश गर्दा अदालतमा उपस्थित गराई बकपत्र गराउने ब्यवस्था समेत गर्नुहुन ।
३. बालबालिका संलग्न भएका मुद्दामा अभियोजन गर्दा बालबालिकाको सर्वोत्तम हित र वालमैत्री वातावरणको निर्माण समेतलाई दृष्टिगत गरि संवेदनशिल भई अनुसन्धान र अभियोजन गर्नु गराउनु हुन।
४. विदेशमा रहे बसेका वा फरार रहेका अभियुक्तको हकमा अभियोजन गर्दा मुलुकी फौजदारी कार्यविधि संहिता तथा कार्यविधि नियमावलीले निर्देश गरेबमोजिम अनिवार्य रुपमा अभियुक्तको स्थायी अस्थायी ठेगाना र इमेल ठेगाना समेत खोल्न लगाई सम्पत्ति तथा अन्य विवरण उल्लेख गर्ने एवं त्यस्तो प्रतिवादीको नेपाल सरहद भित्रको अस्थायी वतन खुलेमा सो समेत उल्लेख गर्नु गराउनु हुन ।
५. अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा २५ को कानूनी व्यवस्था अनुसार अपराध पीडितले चाहेमा कसूरको कारणले आफूलाई प्रत्यक्षरुपमा परेको क्षति वा प्रभावको उल्लेख गरी प्रतिवेदन पेश

उप-न्यायाधिवक्ता

गर्न सकिने व्यहोरा अपराध पीडितलाई मुद्दाको अनुसन्धानकै क्रममा अनुसन्धान अधिकारी मार्फत जानकारी गराई सोको निस्सा मिसिल संलग्न गर्न लगाउनु हुन ।

६. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३४(३) मा उल्लेख भएका खास किसिमका सानातिना कसूरमा कानूनले निर्देश गरेका प्रक्रिया पुरा गरि हेरी बुझि मुद्दा दायर नगर्नेतर्फ प्रयत्नशील रहनु हुन ।

७. अभियोजनको बारेमा कुनै जटिलता आईपरेमा उच्च सरकारी वकील कार्यालय मार्फत महान्यायाधिवक्ताको कार्यालयमा रहेको सहजिकरण समितिबाट निकासा लिने ।

८. प्रत्येक सरकारी वकीलले अभियोजन गरेका अभियोग पत्रबाट कम्तिमा ५ वटा उत्कृष्ट अभियोग पत्र छनौट गरी उच्च सरकारी वकील कार्यालय, बुटवलमा पठाउने ।

९. अभियोजन सम्वन्धी निर्णय गर्दा कानूनले एक भन्दा बढी निर्णय गर्नुपर्ने व्यवस्था गरेकोमा बाहेक पटकपटक निर्णय नगरी एकै पटक निर्णय गर्ने अर्थात कुनै कसूरमा वयस्क र बालबालिका संलग्न भएको मुद्दा चलाउने नचलाउने वा केही प्रतिवादीको हकमा मुद्दा चलाउने र केही प्रतिवादीको हकमा मुद्दा नचलाउने निर्णय गर्दा पटकपटक निर्णय नगरी एकैपटक निर्णय गर्नु गराउनु हुन ।

१०. सरकारवादी फौजदारी मुद्दाको अनुसन्धानलाई प्रभावकारी बनाउन कसूरको अनुसन्धान सम्वन्धी नियमावली जारी भै विभिन्न अनुसूची मार्फत ढाँचाहरु तय भई लागू भएको लामो समय भै सक्दा समेत शंकित व्यक्ति पीडक तथा पीडितहरुको शारिरिक परिक्षण गर्दा गराउँदा उक्त नियमावलीहरुको अनुसूचीमा उल्लेखित फारामहरुको प्रयोग नगरी पुरानै ढाँचाका फारामहरु प्रयोगमा ल्याईएको देखिएकाले सम्वन्धित निकायहरुसग समन्वय गरी अनिवार्य रुपमा निर्धारित नयाँ फारामहरुको प्रयोगमा ल्याउनु हुन र सम्बन्धित सरकारी वकीलले निगरानी राख्नुहुन ।

११. बैकिङ्ग कसूर अन्तर्गतका मुद्दाहरुको अनुसन्धान र अभियोजन गर्दा जाहेरवालाले खुलाएको प्रतिवादीको वतनका अतिरिक्त प्रतिवादीले सम्वन्धित बैंकमा खाता खोल्दा प्रस्तुत गरेका कागजातहरु माग गरी निजको ठेगाना, तीनपुस्ते लगायत नाम, थर वतन सम्पर्क नम्बर आदि एकिन गरि मिसिल संलग्न गर्नु गराउनु हुन ।

१२. मुद्दाको अनुसन्धान र अभियोजन गर्दा गराउदा महान्यायाधिवक्ताको कार्यालय, प्रहरी प्रधान कार्यालय र यस कार्यालयबाट भएका पूर्ववत परिपत्र एवं निर्देशनहरुलाई समेत विशेष जानकारी लिनुहुन ।

२०७८।५।१५

का.मु. सह-न्यायाधिवक्ता

मोहन सागर बश्याल
का.मु. सह-न्यायाधिवक्ता

**<u>बोधार्थ</u>**

**श्री महान्यायाधिवक्ताको कार्यालय**
**सिंहदरबार, काठमाडौं**